**सर्वोच्च अदालत, बृहत पूर्ण इजलास**

**माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल**

**माननीय न्यायाधीश डा.श्री मनोजकुमार शर्मा**

**माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी**

**माननीय न्यायाधीश श्री अब्दुल अजीज मुसलमान**

**माननीय न्यायाधीश श्री महेश शर्मा पौडेल**

## संक्षिप्त फैसला

**०७५-DF-००२९**

भोला शाहको छोरी जिल्ला धनुषा, जनकपुर नगरपालिका वडा नं. २ बस्ने ............१ — **पुनरावेदक**
**सिवाङ्गी साह** ............ — **बादी**

**विरुद्ध**

जिल्ला धनुषा पौडेश्वर गा.वि.स. वडा नं. २ हाल जनकपुर नगरपालिका वडा ............१ — **प्रत्यर्थी**
नं. १ बस्ने **भोलाप्रसाद साह** ............१ — **प्रतिबादी**
ऐ.ऐ. बस्ने **दिव्येश्वर साह** ............१
ऐ.ऐ बस्ने **दीपशिखा कुमारी साह** ............१
ऐ.ऐ. बस्ने **तारादेवी साह** ............

**०७५-DF-००३०**

जिल्ला धनुषा पौडेश्वर गा.वि.स. वडा नं. २ हाल जनकपुर नगरपालिका वडा ............१ — **पुनरावेदक**
नं. १ बस्ने **भोलाप्रसाद साह** ............१ — **प्रतिबादी**
ऐ.ऐ. बस्ने **दिव्येश्वर साह** ............१
ऐ.ऐ बस्ने **दीपशिखा कुमारी साह** ............१
ऐ.ऐ. बस्ने **तारादेवी साह** ............

**विरुद्ध**

भोला शाहको छोरी जिल्ला धनुषा, जनकपुर नगरपालिका वडा नं. २ बस्ने ............१ — **प्रत्यर्थी**
**सिवाङ्गी साह** ............ — **बादी**

**मुद्दाः- अंश दर्ता।**

१. पुनरावेदन सहितको मिसिलसंलग्न कागजातहरुको अध्ययन गरी पुनरावेदक तथा प्रत्यर्थीहरुको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु तथा विद्वान् अधिवक्ताहरुले गर्नुभएको बहस समेत सुनियो।

२. म फिरादीको जन्म मिति २०४२।९।२० मा भएको हो। आमा हिमालय साहले विपक्षी पिता भोला साहसँग २०४० सालमा विवाह गर्नु भएपश्चात् एक मात्र छोरी म फिरादीको जन्म भएकोमा आमा हिमालय साहले धनुषा जिल्ला जनकपुर नगरपालिका वडा नं. २ साविक कि.नं. १५० को ०-५-१० मध्ये ०-१-१० जग्गा मिति २०४३।२।२१ मा र.नं. १५५९२ को लिखतबाट बुबाको नाउँमा बकसपत्र गरी कैफियतमा मेरो आमा हिमालय साहको गर्भबाट जन्मेको छोरा वा छोरीको हक हुने उल्लेख गरी पारित गरी दिएको अवस्था छ। बुबा र आमाबीच मनमुटाव भएकोले मिति २०५४।२।१५ मा काठमाडौं जिल्ला अदालतबाट सम्बन्ध विच्छेद हुने ठहरी फैसला भएको छ। मिति २०६४।१।१५ मा मेरो अंश छुट्टयाई दिनु भनी बुबालाई आग्रह गर्दा अंश दिन इन्कार गर्नु भएकोले २०५३ साललाई मानो छुट्टिएको मिति कायम गरी दुई भागको एक भाग अंश छुट्टयाई दर्ता समेत गरी पाउँ भने समेत बेहोराको **फिराद दावी,** बादीको फिरादपत्र झुट्टा हो। अंशवण्डाको १० नं.ले छोरा छोरीलाई इज्जत आमद अनुसार खान लगाउन तथा आवश्यकता अनुसारको शिक्षा दिक्षा व्यवस्था गर्नुपर्ने हो। सो बमोजिमको दायित्व म प्रतिबादीले निर्वाह गरेकोले अंश दिनुपर्ने होइन र मेरो परिवारमा म बाहेक श्रीमती तारा देवी र निजबाट जन्मेका सन्तानहरु छोरा दिव्येश्वर साह र छोरी दिपशिखा साह छन्। यो सबै कुरा थाहा भएका यी बादीले अन्य अंशियारलाई अंश बिहिन बनाउने दुषित मनसायले दिएको फिराद अंशवण्डाको १ र २ नं. विपरीत छ। अतः विपक्षीको फिराद दावी खारेज गरी पाउँ भन्ने समेत बेहोराको प्रतिउत्तर जिकिर रहेको देखियो।

३. वादी प्रतिवादीहरु अंशियार देखिएकोले तायदाती फाँटवारीमा उल्लेखित सम्पत्तिबाट विवाह खर्च पर सारी बाँकी रहन आउने सम्पत्तिलाई ५ भाग लगाई सो ५ भागको १ भाग वादीले प्रतिवादीहरुबाट अंश छुट्टयाई आफ्नो नाउँमा दर्ता गराई लिन पाउने ठहर्छ भन्ने शुरु **धनुषा जिल्ला अदालतबाट मिति २०६६।१२।२६ गतेको फैसला भएकोमा** सो उपर प्रतिवादीहरु भोला साहसमेतको साविक पुनरावेदन अदालत, जनकपुरमा पुनरावेदन परेको देखियो। सो अदालतबाट शुरु फैसला केही उल्टी गरी कि.नं. ४ मा बनेको घर र कि.नं. ४ बाहेकमा वादीले ५ भागको १ भाग अंश पाउने र कि.नं. ४ को हकमा भने बादीले २ भागको १ पाउने ठहरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६९।०९।०१ मा फैसला भएको

पाइयो। उक्त फैसला उपर चित्त नबुझाई वादी प्रतिवादी दुवैको तर्फबाट यस अदालतमा पुनरावेदन परेकोमा प्रस्तुत मुद्दामा समेत उल्लिखित मुद्दा नं. ०७२-CI-१९९४ को अंश मुद्दामा सन्निहित प्रश्न निहित रहेको देखिन आएकोले प्रस्तुत मुद्दामा समेत पूर्ण इजालसबाट न्याय निरूपण हुनुपर्ने देखिएकाले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(ग) बमोजिम लगाउमा रहेको ०६९-CI-१३०७ नं. को मुद्दा समेत उक्त ०७२-CI-१९९४ नं. को अंश चलन मुद्दाको साथ राखी पूर्ण इजलासमा पेश गर्नू भनी **मिति २०७६।२।१७ मा** आदेश भएकोमा यस अदालतको पूर्ण इजलासबाट मिति २०८१।०५।१३ मा अंश मुद्दा चल्दा चल्दैको अवस्थामा कानूनमा संशोधन भएको स्थिति हुँदा फिराद पर्दाको अवस्थामा प्रचलित कानून वा संशोधित कानून कुन कानूनको आधारमा मुद्दाको निरुपण गर्नुपर्ने हो भन्ने प्रश्नमा यस अदालतका पूर्ण इजलासबाट भएको व्याख्या र प्रतिपादित सिद्धान्त फरक-फरक भई व्याख्यामा एकरुपता कायम गर्न आवश्यक देखिएको हुँदा सर्वोच्च अदालत नियमावली २०७४ को नियम २२ को उपनियम (२) को खण्ड (ख) बमोजिम प्रस्तुत मुद्दा बृहत पूर्ण इजलास पेश गर्नु भनी आदेश भई आज नियमानुसार यस इजलाससमक्ष प्रस्तुत मुद्दालाई ०७५-DF-०००४ मुद्दाको लगाउमा राखी पेश गर्ने आदेश भए अनुरूप पेस हुन आएको देखियो।

४. प्रस्तुत मुद्दा ०७५-DF-०००४ सँग लगाउमा राखी पेश गर्न पूर्ण इजलासबाट आदेश भएको र अंश मुद्दा चल्दा चल्दैको अबस्थामा प्रचलित कानून वा संसोधित कानूनमध्ये कुन कानूनको आधारमा मुद्दाको निरोपण गर्नु पर्ने हो भन्ने सम्बन्धमा उक्त लगाउको मुद्दामा विवेचना भैसकेको हुँदा यस मुद्दामा **तत्कालीन पुनराबेदन अदालत जनकपुरबाट मिति २०६९।०९।०१ मा भएको फैसला मिलेको छ वा छैन? पुनरांबेदक वादी तथा प्रतिबादीहरूको पुनराबेदन जिकिर पुग्न सक्छ कि सक्दैन? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।**

५. **निर्णय तर्फ विचार गर्दा,** अंश हक कानूनी हक हो भन्ने कुरा नेपालको संविधान, तत्कालीन मुलुकी ऐन, हालको मुलुकी देवानी संहिता समेतले स्वीकार गरेको र विवाहित छोरीले आमाबाबुबाट अंश हक प्राप्त गर्ने हक प्रारम्भ हुने मिति २०७२।६।१४ कायम भएको सन्दर्भमा मुद्दा चल्दैको अवस्थामा उक्त मितिपश्चात विवाह गर्ने छोरीले भने बाबु आमाको तर्फबाट अंश प्राप्त गर्न सक्ने कुरामा बिबाद देखिदैन। प्रस्तुत मुद्दामा पुनराबेदक बादी शिवाङ्गी साह अविवाहित रहँदाको अवस्थामा प्रतिवादीउपर फिराद दिएको र पुनरावेदन अदालत जनकपुरमा मुद्दा चल्दाको अवस्थामा मिति २०६९।१।१३ मा मेरो विवाह

उज्वल बहादुर सिंहसँग भएको भनी वादीले तत्कालीन पुनरावेदन अदालतमा मिति २०७५।३।३२ मा कागजसमेत गरेको देखिएबाट बादीको विवाह मिति २०६९।१।१३ मा भएको भन्ने कुरामा विवाद देखिएन।

६. पुनराबेदक बादी मुद्दा दायर गर्दाको अबस्थामा अबिबाहित रहेको र सुरू जिल्ला अदालतले वादी शिवाङ्गी साहलाई अंशियार कायम गरी ५ भागको १ भाग यी वादीले प्रतिवादीहरूबाट अंश छुट्टाई लिन पाउने ठहराएको हदसम्म चित्त बुझाई कि.न. ४ को जग्गा वादीको मात्र एकलौटी हक लाग्ने र हालैदेखिको बकसपत्रबाट प्राप्त निजी आर्जनको सम्पत्ति समेत बण्डा लगाउने गरी भएकोहकसम्म फैसला मिलेन भनी प्रतिबादीको पुनरावेदन अदालत जनकपुरमा पुनराबेदन परेको देखिन्छ।

७. **साबिक मुलुकी ऐन अंशवण्डाको महलको १६ नं.मा रहेको अंश लिएको छोरीले विवाह गरेमा बाँकी सम्पत्ति माईती पट्टीका हकवालाको हुने भन्ने ब्यवस्था मिति २०६३।०७।१७ बाट कायम नरहेको अवस्थामा अंशियार कायम भई एक तहबाट फैसला भई पुनराबेदन गर्दाको वेलामा यी पुनराबेदक वादी अंशियार कायम रहेको कुरामा बिबाद नरहेकोले पुनराबेदन तहमा मुद्दा बिचाराधीन रहेको अवस्थामा विवाह गरेको भन्ने सम्मको कारणले बाबु तर्फको अंश प्राप्त हुदैन भन्नु न्यायको रोहमा उचित र मनासिव देखिदैन। सारवान कानून वमोजिम निर्विवाद रूपमा अंशहक स्थापित भईसकेको अवस्थामा अन्य प्रकृति र अवस्था परिवर्तन भएको भन्ने सम्मको आधार कारणले कानून प्रदत्त हक अधिकार स्वतः समाप्त हुने वा लोप हुने गरी कानूनको व्याख्या गर्नु न्यायोचित हुदैन।**

८. पुनरावेदक वादी शिवाङ्गी साहले मुद्दा दायर गर्दाको अवस्थामा निज अविवाहित रहेको, मिति २०६६।१।२६ मा निजले शुरु धनुषा जिल्ला अदालतबाट ५ भागको १ भाग अंश पाउने ठहर भई फैसला भएको, उक्त शुरु फैसलाले फिरादीको अंश हक कायम गरेपछि मात्र निजले विवाह गरेको साथै शुरु अदालतबाट फैसला हुँदा अंश हक प्राप्त गर्ने सारवान हक सम्बन्धमा विवाद नभएको र अंशियारको हकमा बिबाद नगरी निजी आर्जन र अपुतालीका बिषयमा मात्र सुरूको फैसला उपर तत्कालीन पुनराबेदन अदालतमा प्रतिबादीको पुनराबेदन परेको देखिँदा यी पुनरावेदक वादी शिवाङ्गी साहले अंश नपाउने भनी मान्न मिलेन।

९. जहाँसम्म यी पुनरावेदक वादी शिवाङ्गी साहकी आमा हिमालय साहले र.नं.५५९२ मिति २०४३।२।२१ मा साविक कि.नं. १५० हालको कि.नं. ४ को ०-५-१० मध्ये ०-१-१० जग्गा पुनरावेदकका बाबु भोला साहलाई हालैदेखिको बकसपत्रको लिखत गरिदिएको सम्पत्तिको वण्डा सम्बन्धी प्रसंग छ उक्त बकसपत्रको कैफियत महलमा **"यो लेखिएको**

**जग्गा खास मेरो निजी सम्पत्ति भएकोले तपाई मेरो श्रीमान भएकोले बक्स दिएको छु। उक्त जग्गा मेरो गर्भबाट जन्मेको छोराछोरीहरुले मात्र पाउने हक अधिकार हुन्छ"** भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ। उक्त बकसपत्रबाट सम्पत्ति प्राप्त गरेपछि निज पति भोलाप्रसाद साहले आफ्नो छोरी शिवाङ्गी साहलाई हेलोहोचो गर्न खोजेको भनी उक्त बकसपत्रको लिखत बदर गरी पाउँ भनी वादीकी आमा हिमालय साहले मुद्दा गरेकोमा तह-तह फैसला हुँदै यस अदालतबाट मिति २०६३।१०।२२ मा लिखत बदर नहुने ठहर भएको र उक्त फैसलामा **"लिखतको शर्तले नै शिवाङ्गीको हक जहिले पनि सुरक्षित नै हुँदा लिखत बदर नहुने"** भनी उल्लेख भएको देखिन्छ। हालको कि.नं. ४ को जग्गा मिति २०४३।२।२१ मा बकसपत्र भएको र यी पुनरावेदक वादीको जन्म मिति २०४२।९।२० मा भएको भन्ने कुरा मिसिल संलग्न कागजातबाट देखिन्छ। यी पुनरावेदक वादीकी आमा हिमालयदेवी साहले आफ्नो नाउँको सम्पत्ति आफ्नो पति यी फिरादीका बाबु भोला साहलाई बकसपत्र गर्दा बकसपत्रको लिखतमा बकसपत्र गरेको सम्पत्तिमा मेरो गर्भबाट जन्मेको छोराछोरीको हुने भन्ने उल्लेख गरेको देखिन्छ। बकसपत्रको लिखतमा उल्लेखित व्यहोरा हेर्दा बकसपत्र दाताले वकस गरिदिएको सम्पत्ति आफ्नो गर्भबाट जन्मेका सन्तानले पाउन्, अर्को वैमातृबाट सन्तान जन्मिएमा आफ्नो गर्भबाट जन्मेका सन्तानलाई होलो होचो नहोस् भन्ने ईच्छा प्रकट गरेको र प्रतिवादी भोलाप्रसाद साहले वकसपत्रदाताको उपरोक्त वमोजिमको शर्त मन्जुर गरी वकसपत्र प्राप्त गरेको भन्ने देखिन्छ। वकसपत्र दाता र प्राप्तकर्ताको भावना र मर्म वमोजिम वकसपत्रमा उल्लेखित सम्पत्तिमा वादी शिवाङ्गी साह र प्रतिवादी भोलाप्रसाद साहको वरावर हक रहेको छ भनी मान्नुपर्ने अवस्था देखिन आयो।

१०. बकसपत्रदाता हिमालय साह पुनरावेदक प्रत्यर्थी भोला साहकी श्रीमती रहेकोमा विवाद छैन। हिमालय साहले मिति २०४३।२।२१ मा आफ्ना पति भोला साहलाई बकसपत्र गरी दिंदाको समयमा यी पुनरावेदक वादी नाबालक रहेको देखिन्छ। बकसपत्रदाता हिमालय साहका तर्फवाट यी पुनरावेदक वादी बाहेक अन्य सन्तान रहेको भन्ने पनि देखिँदैन। यसका साथै वादी हिमालय साहले दिएको लिखत बदर मुद्दामा यस अदालतबाट मिति २०६३।१०।२२ मा भएको फैसलामा उल्लेख भए अनुसार आफ्नी आमा हिमालय साहले गरिदिएको बकसपत्रको लिखतमा उल्लेख भएबमोजिम पुनरावेदक वादी शिवाङ्गी साहले आफ्नो हक सुरक्षित गर्न पाउने नै देखिन्छ। तथापि आफ्नी आमा हिमालय साहले पुनरावेदक वादीका बाबु भोला साहलाई नै हालैको बकसपत्र गरी दिएको त्यसरी दिंदाको समयमा यी पुनरावेदक वादी नाबालक रहेको देखिएको, वादीको लालन, पालन, शिक्षा,

दिक्षा समेतको व्यवस्था समेत यिनै वादीका बाबु भोला साहले नै गरेको र हाल यी पुनरावेदक वादी शिवाङ्गी साहको विवाह समेत भइसकेको समेतका अवस्थालाई दृष्टिगत गर्दा आमा हिमालय साहले बाबु भोला साहलाई मिति २०४३।२।२१ मा गरीदिएको उक्त बकसपत्र बमोजिमको सम्पत्तिमा यी बादी शिवाङ्गी साहको एकलौटी हकभोग कायम नभई पुनरावेदक वादी भोलाप्रसाद साह र यी पुनरावेदक वादी शिवाङ्गी साहको आधा आधा हक भोग कायम गर्नु न्यायको रोहमा मिल्ने नै देखियो। यस आधारमा पनि शुरु फैसला केही उल्टी गरी हिमालय साहले र.नं.५५९२ मार्फत मिति २०४३।२।२१ मा पुनरावेदक प्रतिवादी भोलाप्रसाद साहलाई गरिदिएको हालैदेखिको बकसपत्रमा उल्लिखित साविक कि.नं. १५० हालको कि.नं. ४ को जग्गामा यी पुनरावेदक बादी शिवाङ्गी साहले २ भागको १ भाग मात्र पाउने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत जनकपुरको फैसलासमेत मिलेको नै देखिन आयो।

११. अतः माथि उल्लिखित आधार कारणसमेतबाट कि.नं. ४ मा बादीको मात्रै हक लाग्ने र सो बाहेक अरुमा विवाह खर्च पर सारी ५ भागको १ भाग अंश पाउने ठहरी घनुषा जिल्ला अदालतबाट मिति २०६६।१२।२६ मा भएको फैसला केही उल्टी गरी कि.नं. ४ मा बनेको घर र कि.नं. ४ बाहेकमा वादीले ५ भागको १ भाग अंश पाउने र कि.नं. ४ को जग्गाको हकमा भने बादीले २ भागको १ भाग पाउने ठहराई पुनराबेदन अदालत जनकपुरबाट मिति २०६९।०९।०१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। सोबाहेक अन्यमा पुनरावेदक वादी तथा प्रतिवादीहरु दुवैको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको फैसलाको पूर्ण पाठ तयार गर्न समय लाग्ने हुँदा यो संक्षिप्त आदेश जारी गरिएको छ।

| अब्दुल अजीज मुसलमान<br>न्यायाधीश | शारङ्गा सुवेदी<br>न्यायाधीश | मनोजकुमार शर्मा<br>न्यायाधीश |
|---|---|---|

## माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल र माननीय न्यायाधीश श्री महेश शर्मा पौडेलको राय

१. यसमा **वादी शिवाङ्गी साह विरुद्ध प्रतिवादी भोलाप्रसाद साह भएको अंश चलन** मुद्दाको सम्बन्धमा निर्णय गर्दा, वादी शिवाङ्गी साहले अंश मुद्दाको फिराद दायर गरेकोमा सुरु धनुषा जिल्ला अदालबाट अंशियार कायम भई पुनरावेदन अदालत जनकपुरमा मुद्दा विचाराधीन रहेको अवस्थामा मिति २०६९।१।१३ मा उज्वल बहादुर सिंहसँग वादीको विवाह भईसकेकोले निज वादी हामीहरूको अंशियार नै कायम नरहेको हुँदा वादीलाई अंश दिनुपर्ने होइन भनी प्रतिवादी भोला साहसमेतको तर्फबाट मिति २०७३।१०।५ मा यस अदालतमा निवेदन पनि परेको देखियो। शिवाङ्गी साहको हकमा आमा हिमालय साह वादी र प्रतिवादी भोला साह भएको सम्वत् २०५८ सालको दे.पु.नं. ७३६३ को लिखत बदर, दर्ता बदर दर्ता मुद्दा मिति २०६३।१०।२२ मा यस अदालतबाट फैसला हुँदा पनि सो फैसलामा लिखतको शर्तले शिवाङ्गी साहको हक जहिले पनि सुरक्षित नै हुने हुँदा लिखत नै बदर हुने भन्न मिलेन भनी वादी हिमालय साहले प्रतिवादी भोला साहलाई मिति २०४३।०२।२१ मा हक छाडी गरिदिएको हालै देखिको बकसपत्रको लिखत बदर नहुने ठहरी अन्तिम भई बसेको देखिन्छ। यस अदालतबाट मिति २०७५।३।३२ मा भएको आदेशानुसार वादी शिवाङ्गी साहले मेरो विवाह मिति २०६९।१।१३ मा उज्वल बहादुर सिंहसँग भईसकेको भनी कागजसमेत गरेको देखिएबाट वादीको विवाह भईसकेको कुरामा विवाद देखिएन। यसप्रकार उपरोक्तानुसार वादी र प्रतिवादीबीच अंश मुद्दा चलिरहेको अवस्थामा वादीको विवाह भएको देखिएको र विवाह भैसकेकी छोरीले अंश पाउने वा नपाउने सम्बन्धमा मिति २०७२।०६।१४ मा कानून संशोधन भई विवाहित छोरीलाई पनि अंशियार कायम गरेको तथा आज यसै इजलासबाट ०७५-DF-०००४ मा भएको फैसलामा उल्लिखित आधार कारण समेतबाट प्रस्तुत मुद्दामा समेत वादीले अंश प्राप्त गर्न सक्ने नै देखियो।

२. तसर्थ, पुनरावेदन अदालत जनकपुरबाट मिति २०६९।०९।०१ मा कि.नं. ४ बाहेकका अन्य जग्गाहरुबाट वादीले ५ भागको १ भाग अंश पाउने ठहराएको सुरु अदालतको फैसला सो हदसम्म सदर हुने र कि.नं. ४ को जग्गामा प्रतिवादी भोला प्रसाद साहले मिति २०४३।०२।२१ मा बकसपत्रबाट प्राप्त गरेपछि घर बनाएको देखिँदा उक्त घरबाट वादीले ५ भागको १ भाग अंश पाउने, कि.नं. ४ को जग्गाबाट २ भागको १ भाग अंश

वादीले पाउने ठहरी सुरु अदालतको फैसला केही उल्टी हुने ठहऱ्याएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ।

३. प्रस्तुत फैसलाको पूर्ण पाठ तयार हुन समय लाग्ने भएकोले यो संक्षिप्त आदेश तयार गरिएको छ।

**न्यायाधीश**
**(महेश शर्मा पौडेल)**

**न्यायाधीश**
**(सपना प्रधान मल्ल)**

**इति सम्वत् २०८२ साल असार महिना ३१ गते रोज ३ शुभम्...............................।**